## मुख्य समाचार

- संसदको दुबै सदनको कार्यवाही फिर्ता लिने मांग सहित विभिन्न मुद्दालाई लिएर विपक्षी सदस्यको नाराबाजी
- आफ्नो सुरक्षा र सम्प्रभुतामा बाधा आउँदा भारतले बलियो भएर कार्रवाई गर्ने प्रधानमन्त्रीको भनाई
- सर्वोच्च न्यायालयले इलाहाबाद उच्च न्यायालयका न्यायाधीश यशवन्त वर्माको एउटा याचिकामा गर्यै सुनवाई
- अमरीकी प्रशासनले जवाबी शुल्क लगाउने समय-सीमा - **एक अगस्तमा** कुनै परिवर्तन नहुने गर्यो पुष्टी ।
- शिक्षा मन्त्रालयले अखिल भारतीय शिक्षा समागम, दुई हजार पचीस आयोजना गर्दै।

## संशो लोस/रास-स्थगित

संसदको दुबै सदनको कार्यवाही बिहारमा विशेष गहन पुनरीक्षण अभियान र अन्य मुद्दालाई फिर्ता लिने मांग सहित विभिन्न मुद्दालाई लिएर विपक्षी सदस्यको नाराबाजी पछि दिउसो दुई बजे सम्मका लागि स्थगित गरियो । लोकसभाको कार्यवाही जब दोस्रो स्थगन पछि दिउसो एक बजी शुरू भयो तब विपक्षी सदस्यले विशेष गहन पुनरीक्षणमा चर्चा गर्नका लागि सरकारको वचनबद्धताको मांग सहित विभिन्न मुद्दालाई लिएर फेरी नाराबाजी शुरू गर्यो । यसै बीच लोकसभा अध्यक्ष ओम बिरलाले भन्नुभयो, कार्य मन्त्रणा समितिको बैठकमा अपरेशन सिन्दुरमा चर्चा शुरू गर्नका लागि सरकार र विपक्ष बीच सहमति बनेको थियो तर विपक्षले आफ्नो वचन पूरा गरेको छैन । विपक्षी सदस्यहरूको विरोध जारी रहेको कारण सदनको कार्यवाही दिउसो दुई बजी सम्मका लागि स्थगित गरियो ।

उता, राज्यसभालाई पनि दुई  स्थगन गर्नुपर्यो । पहिलो स्थगन पछि सदनको कार्यवाही जब बाह्र बजी शुरू भयो तब पीठासीन अधिकारी घनश्याम तिवारीले प्रश्नकाल चलाउने कोशिश गर्नुभयो तर विपक्षको हंगामाका कारण कार्यवाही बाधित भयो ।  हंगामा जारी रहेका कारण सदनको कार्यवाही दिउसो दुई बजी सम्मका लागि स्थगित  गरियो  भने लोकसभामा अहिले चर्चा जारी छ।

**प्रधानमन्त्री अ□रेशन सिन्दूर**

प्रधानमन्त्री श्री नरेन्द्र  मोदीले भन्नुभयो, अपरेशन सिंदूरले सारा विश्वलाई देखायो कि देशको सम्प्रभुतामा हमला हुँदा भारतले कस्तो उत्तर दिन्छ । श्री मोदीले भन्नुभयो, यस सैन्य  अभियानले सारा देशमा नयाँ आत्म  विश्वास भरेको छ । प्रधानमन्त्री तमिलनाडुमा चोल राजा राजेन्द्र चोल प्रथमको जन्म  शताब्दी समारोहलाई  सम्बोधन गर्दै हुनुहुन्थ्यो। उहाँले भन्नुभयो अपरेशन सिन्दूरले सारा विश्वलाई  स्प्रस्ट सन्देश दिएको छ कि आफनो सुरक्षा र सम्प्रभुतामा आँच आउँदा भारतले बलियो भएर कार्रवाई गर्नेछ। श्री मोदीले घोषणा गर्नुभयो भारतीय इतिहास र संस्कृतिमा महत्वपूर्ण योगदानका लागि तमिलनाडुमा राज राजा चोल र उहाँका पुत्र श्री राजेन्द्र चोल-प्रथमको भव्य प्रतिमाहरू  स्थापित गरिनेछ।

**20 सर्वोच्च न्यायालय - न्यायमूर्ति वर्मा**

सर्वोच्च  न्यायालयले आज इलाहाबाद उच्च न्यायालयका न्यायाधीश यशवन्त वर्माको एउटा याचिकामा सुनवाई  गर्यो । न्यायमूर्ति वर्माले एक आन्तरिक न्यायिक जाँचको

निष्कर्षलाई चुनौती दिनुभयो, जसमा दिल्ली स्थित उहाँको आधिकारिक आवासमा आधा जलेको नोट  पाए पछि  उहाँलाई भ्रष्टचारको दोषी पाइएको थियो । न्यायमूर्ति दीपाङ्कर दत्ता र न्यायमूर्ति ए.जी. मसीहको पीठले शुरुवाती दलीलहरू सुनेपछि अहिले मामिलाको सुनवाई स्थगित  गरिएको छ र अगिलो सुनवाई बुधवार  हुनेछ।

पीठले याचिकाको रूपरेखा र न्यायाधीशको आचरणमा तीखो प्रश्न उठाए  ।

**समाचार आकाशवाणीबाट सुन्नुहुँदैछ।**

**जम्मू-कश्मीर - अमरनाथ यात्रा**

जम्मू-कश्मीरमा तीन जुलाईदेखी शुरू भएको अमरनाथ यात्रामा  तीन लाख सतहत्तर हजार  भन्दा अधिक तीर्थयात्रीले  यात्रा गरिसकेका छन् । भोली श्रीनगर स्थित दशनामी अखाड़ा भवन भीत्र  श्री अमरेश्वर मन्दिरमा छड़ी स्थापना समारोह आयोजित गरिनेछ। भोली नाग पन्चमीका दिन यसै मन्दिरमा छड़ी पूजन  गरिनेछ  भने, छड़ी मुबारकको अन्तिम यात्रा चार अगस्तमा पवित्र गुफा मन्दीर तर्फ शुरू हुनेछ।

**1 एन डी ए सांसद विरोध**

राष्ट्रीय जनतान्त्रिक गठबन्धनका सांसदहरूले आज समाजवादी पार्टीकी सांसद **डिम्ल यादवका** विरूद्ध अखिल भारतीय इमाम संगठनका अध्यक्ष **श्री मौलाना साजिद**

**राशिदीको** आपत्तिजनक टिप्पणीमा संसद परिसरमा  विरोध प्रदर्शन गर्नुभयो । सांसदहरूले भन्नुभयो , मौलानाको टिप्पणी महिला समुदायका लागि अपमान हो। संवाददाताहरूसंग बातचीतमा लोक जनशक्ति पार्टी-(रामविलास)-की सांसद शानभवी चौधरीले भन्नुभयो, राष्ट्रीय जनतान्त्रिक गठबन्धनले  महिलाहरूको सम्मान र प्रतिष्ठालाई सर्वोपरि वरीयता दिन्छ।

**अमरीका शुल्क समयसीमा**

अमरीकी प्रशासनले  पुष्टि गरेको छ, जवाबी शुल्क लगाउने समय-सीमा - **एक अगस्तमा** कुनै परिवर्तन हुनेछैन । हिजो रात मीडियासंग बातचीतमा अमरीकाका वाणिज्य मन्त्री श्री होवर्ड लुटनिकले समय-सीमा बढ़ाउने कुनै पनि सम्भावनाबाट मनाही गरेनुभयो । उहाँले भन्नुभयो , नयाँ शुल्क एक अगस्त देखी लागू हो हुनेछ।

**ािकिस्तान गोलीबारी**

पाकिस्तानको खैबर पख्तूनख्वा प्रान्तमा आतङ्क अभियानकका विरूद्ध  प्रदर्शन गरिरहेका समूहमा अज्ञात हातियारधारीहरू को गोलीबारीमा तीन जनाको मृत्यु भयो भने आठ जना घाइते भएका छन् । यसको एक दिन अघि खैबर ज़िलाको ज़खा खेल इलाकामा मोर्टार हमलामा एउटी नारीको ज्यान गएको थियो,  त्यस पछि प्रदर्शन शुरू भयो । खैबर

पख्तूनख्वाका मुख्यमन्त्रीको विशेष सहायकले बताउनुभयो, स्थानीय मानिसले ती नारीको शवलाई सुरक्षा चौकीको सामु राखीदिएको थियो र फेरी आतङ्कवादीहरूले तिराह घाटीमा प्रदर्शनकारीहरूमा गोलीबारी गरे ।

**अनिवार्य घोषणा**

आकाशवाणी समाचार सेवा प्रभागले आज राति साढे नौं बजी फोन-इन-कार्यक्रम पब्लिक स्पिकमा " हेपेटाइटिसले बचाव और उपचार "विषयबारे परिचर्चा प्रसारित गर्नेछ। हिन्दी र इङ्गलीस दुबै प्रसारित हुने यस कार्यक्रममा ILBS अस्पतालका , हेपाटोलोजी विभागका एसिस्टेन्ट प्रोफेसर डा. विशाल अरोराले श्रोताहरूका प्रश्नको जवाफ दिनुहुनेछ। श्रोताहरूले कलेजोको रोगको छिट्टै चिन्हारी गर्न अनि त्यसको रोकथाम र उपचार साथै कलेजोलाई स्वास्थ राख्ने तरीकाहरूबारे जान्न सक्नेछन्।

बेलुकी साढे नौ बजे देखी सुन्य एक एक , दुई तिन सात एक सात एक एक सात र दुई तिन तिन एक चार चार चार चार –मा फोन गरि श्रोताहरूले आफ्ना प्रश्न सोध्न सक्नेछन्।

**अखिल भारतीय शिक्षा समागम**

शिक्षा मन्त्रालयले उनतिस जुलाई दुई हजार पचिसमा भारत मण्डपम परिसरमा NEP 2020 को पाँचौं वार्षिकोत्सवको अवसरमा अखिल भारतीय शिक्षा समागम, दुई हजार पचीस आयोजना गर्दैछ। शिक्षामन्त्री धर्मेन्द्र प्रधानले एक दिवसिय दलफलको उद्घाटन गर्नुहुनेछ । यस अवसरमा शिक्षाविद, निति निर्माता , शिक्षक , उद्योग नेता र सरकारी

प्रतिनिधिहरूलाई NEP 2020 अन्तर्गत भएको उल्लेखनीय प्रगतिको समीक्षा गर्न एउटा प्लेटफर्मको रूपमा काम गरिनेछ ।

**राष्ट्र□ति-देशमुख हम्□ी**

प्रधानमन्त्री अनि राष्ट्रपति द्रौपदी मुर्मुले फिडे महिला विश्व कपमा भारतीय ग्रैन्ड्मास्टर दिव्या देशमुखलाई विजेता र कोनेरू हम्पीलाई उपविजेता बनेकोमा बधाई दिनुभयो । दिव्या देशमुखले जार्जियाको बटुमीमा फिडे महिला विश्व कपको फाइनलमा कोनेरू हम्पीलाई हराएर खिताब जीतेकी हुन् । यो म्याच तीन दिनसम्म चल्यो र टाइब्रेक्सबाट निर्णय गरिएको थियो, जहाँ दिव्याले दुई दशमलव पाँच – एक दशमलव पाँचको स्कोरसहित जित हासिल गरिन्।

अनत्यमा मुख्य समाचार फेरी एकपल्ट

- संसदको दुबै सदनको कार्यवाही फिर्ता लिने मांग सहित विभिन्न मुद्दालाई लिएर विपक्षी सदस्यको नाराबाजी
- आफ्नो सुरक्षा र सम्प्रभुतामा आँच आउँदा भारतले बलियो भएर कार्रवाई गर्ने प्रधानमन्त्रीको भनाई
- सर्वोच्च न्यायालयले इलाहाबाद उच्च न्यायालयका न्यायाधीश यशवन्त वर्माको एउटा याचिकामा गर्यै सुनवाई
- अमरीकी प्रशासनले जवाबी शुल्क लगाउने समय-सीमा - **एक अगस्तमा** कुनै परिवर्तन नहुने गर्यो पुष्टी ।
- शिक्षा मन्त्रालयले अखिल भारतीय शिक्षा समागम, दुई हजार पचीस आयोजना गर्दै।

आकाशवाणीबाट सुन्दै हुनुहुनथ्यो समाचार पूरा भयो।